## सच्चा सेवाधारीको निशानी

आज स्नेहका सागर बाबाले सबै बच्चाहरूलाई देखिरहनु भएको छ। हरेक बच्चामा तीन विशेषता देख्नु भएको छ– हरेक बच्चा तीनै विशेषतामा कहाँसम्म सम्पन्न बनेका छन्? यी तीन विशेषता हुन्– स्नेह, सहयोग अर्थात् सहजयोग र शक्ति स्वरूप अर्थात् हिँड्दा-डुल्दा चैतन्य लाइट हाउस र माइट हाउस। हर संकल्प, बोल वा कर्मद्वारा तीनै स्वरूप प्रत्यक्ष स्वरूपमा कसैलाई पनि अनुभव होस्, केवल स्वयं प्रति मात्र नहोस्, अरूलाई पनि यी विशेषताको अनुभव होस्। जसरी बाबा स्नेहका सागर हुनुहुन्छ, त्यसैगरी मास्टर सागरको अगाडि ज्ञानी वा अज्ञानी आत्मा आउँदा यस्तो अनुभव गरून्– स्नेहको मास्टर सागरका लहरहरूले स्नेहको अनुभूति गराइरहेका छ। जसरी लौकिक वा प्राकृतिक सागरको किनारमा कोही गयो भने पनि शितलताको, शान्तिको स्वत: नै अनुभूति गर्छन्। त्यसैगरी मास्टर स्नेहका सागरद्वारा रूहानी स्नेहको अनुभूति होस् र लागोस् सच्चा स्नेहको प्राप्तिको स्थानमा पुगेका छौं। रूहानी स्नेहको अनुभूति रूहानी सुगन्ध वायुमण्डलमा अनुभव होस्। बाबाका स्नेही छौं यो त सबैले भन्छौ र बाबालाई पनि थाहा छ– बाबासँग सबैको स्नेह छ। तर अब स्नेहको सुगन्ध विश्वमा फैलाउनु छ। हरेक आत्मालाई यो सुगन्ध अनुभव गराउनु छ। हरेक आत्माले यो वर्णन गरून्– यी श्रेष्ठ आत्मा हुन्। केवल बाबाको स्नेही होइन, सर्वको सदा स्नेही बन। यी दुवै अनुभूति जब सबैलाई सदा हुन्छ तब भनिन्छ मास्टर स्नेहका सागर। आजको दुनियाँ सच्चा आत्मिक स्नेहको भोको छ। स्वार्थी स्नेह हेरी-हेरी त्यो स्नेहबाट अघाइसकेका छन्। त्यसैले आत्मिक स्नेहको थोरै घडीको अनुभूतिलाई पनि जीवनको सहारा सम्झन्छन्।

बापदादाले हेरिरहनु भएको थियो– स्नेहको विशेषताले अन्य आत्माहरूलाई कर्ममा वा सेवामा ल्याउनमा कहाँसम्म सफलता प्राप्त गरेका छन्? केवल आफ्नो मनमा आफैंसँग मात्रै खुशी त भइरहेका छैनौ? म त धेरै स्नेही छु। यदि स्नेह नहुँदो हो त बाबाको कसरी बन्थ्यौ वा ब्राह्मण जीवनमा कसरी अगाडि बढ्ने थियौ! आफ्नो मनमा सन्तुष्टता, छ यसलाई बापदादालाई पनि जान्नुहुन्छ। आफूसम्म होस् यो पनि ठीक छ तर तिमी सबै बच्चाहरू बाबाको साथमा सेवाधारी हौ। सेवाको लागि नै यो तन-मन-धन तिमीहरू सबैलाई बाबाले निमित्त बनाएर दिनुभएको हो। सेवाधारीको कर्तव्य के हो? हरेक विशेषतालाई सेवामा लगाउनु। यदि तिम्रो विशेषता सेवामा लगाउँदैनौ भने कहिल्यै पनि त्यो विशेषता वृद्धि हुँदैन। त्यहाँसम्म मात्र सीमित रहन्छ त्यसैले कति बच्चाहरूले यस्तो अनुभव पनि गर्छन्– बाबाको बन्यौं, सधै आउँछौ पनि, पुरुषार्थमा पनि चलिरहेका छौं, निमय पनि पूरा गरिरहेका छौं तर पुरुषार्थमा जुन उन्नति हुनु पर्ने हो त्यो अनुभव हुँदैन। चलिरहेका छौं तर अगाडि बढिरहेका छैनौ। यसको कारण के हो? विशेषतालाई सेवामा लगाउँदैनौ। केवल ज्ञान दिनु वा साप्ताहिक कोर्स गराउनु, यहाँसम्म मात्र सेवा होइन। सुनाउनु, यो त द्वापरदेखि परम्परा चलिरहेको छ। तर यो ब्राह्मण जीवनको विशेषता हो– सुनाउनु अर्थात् केही दिनु। भक्तिमार्गमा सुनाउनु अर्थात् केही लिनु हुन्छ र यहाँ सुनाउनु अर्थात् केही दिनु हो। दाताका बच्चा हौ। सागरका बच्चा हौ। जो सम्पर्कमा आए पनि उसले अनुभव गरोस्– केही लिएर जाँदैछु। केवल सुनेर जाँदैछु, होइन। चाहे ज्ञानले, चाहे स्नेहको धनले वा याद बलको धनले, शक्तिको धनले, सहयोगको धनले हात अर्थात् बुद्धि भरेर जाँदैछु। यसलाई भनिन्छ सच्चा सेवा। सेकेण्डको दृष्टि वा सेकेण्डको बोलीद्वारा, आफ्नो शक्तिशाली वृत्तिको प्रकम्पनले, सम्पर्कले दाता बनाइदिन्छ। यस्ता सेवाधारी नै सच्चा सेवाधारी हुन्छन्। यसरी दिनेवालाले सदा यो अनुभव गर्नेछन्– हर समय वृद्धि वा उन्नति प्राप्त गरिरहेको छु। अन्यथा यो सम्झिन्छन्– पछाडि हटेको छैन तर जति अगाडि बढ्नु पर्ने थियो त्यो बढिरहेको छैन। त्यसैले दाता बन अनुभव गराऊ। त्यसैगरी सहयोगी वा सहजयोगी केवल स्वयं प्रति मात्र छौ वा अरूलाई पनि आफ्नो सहयोगको उमंग-उत्साहको लहरले सहयोगी बनाउँछौ? तिम्रो सहयोगको विशेषताले सर्व आत्मालाई यो महसुस होस्– यी हाम्रा सहयोगी हुन्। कुनै पनि कमजोर स्थिति वा परिस्थितिको समयमा यस्तो सहयोगद्वारा अगाडि बढाउने साधन दिनेवाला हुन्। तिमी आत्माहरूमा सहयोगको विशेषता भएको सबैलाई अनुभव होस्। यसलाई भनिन्छ– विशेषतालाई सेवामा लगाउनु। बाबाका सहयोगी त छौ नै तर बाबा विश्व सहयोगी हुनुहुन्छ। बच्चाहरू प्रति पनि हरेक आत्मालाई भित्रदेखि यो अनुभव होस्– यिनीहरू पनि बाबा समान सर्वका सहयोगी हुन्। व्यक्तिगत एक दुईजनाको मात्र सहयोगी नबन्नु। ती स्वार्थका सहयोगी हुन्छन्। हदका सहयोगी हुन्छन्। सच्चा सहयोगी बेहदका सहयोगी

हुन्छन्। तिमीहरू सबैको उपाधि के हो? विश्व-कल्याणकारी हौ वा केवल सेन्टर कल्याणकारी हौ? देशको कल्याणकारी हौ वा केवल आफ्ना विद्यार्थीको कल्याणकारी हौ? यस्तो उपाधि त छैन नि। विश्वकल्याणकारी विश्वको मालिक बन्नेवाला हौ या केवल आफ्नो महलको मात्र मालिक बन्नेवाला हौ? जो केवल सेन्टरको हदमा रहन्छन्, उनीहरू आफ्नो महलको मालिक बन्नेछन्। तर बेहदका बाबाद्वारा बेहदको वर्सा लिँदैछौ। हदको होइन। त्यसैले सर्व प्रति सहयोगको विशेषतालाई कार्यमा लगाऊ तब भनिन्छ– सहयोगी आत्मा। यही विधिद्वारा शक्तिशाली आत्माहरूले सर्व शक्तिलाई केवल स्व प्रति मात्र होइन, सर्व प्रति सेवामा लगाउँछन्। कसैसँग सहन गर्ने शक्ति छैन, तिमीहरूसँग छ। अरूलाई यो शक्ति दिनु– यही हो शक्तिलाई सेवामा लगाउनु। केवल यो नसोच– म सहनशील छु तर तिम्रो सहनशीलताको गुणको प्रकाश र शक्ति अरूसम्म पनि पुग्नु पर्छ। लाइट हाउसको प्रकाश केवल आफ्नो लागि मात्र हुँदैन। अरूलाई प्रकाशित गर्न अथवा मार्ग देखाउनको लागि हुन्छ। यस्तो शक्तिरूप अर्थात् लाइट हाउस, माइट हाउस बनेर अरूलाई त्यसको लाभको अनुभव गराऊ। तिनीहरूले अनुभव गरून्– निर्बलताको अँध्यारोबाट शक्तिको उज्यालोमा आयौं अथवा सम्झिऊन्– यी आत्माहरूले आफ्नो शक्तिद्वारा हामीलाई पनि शक्तिशाली बनाउनमा मदतगार छन्। सम्बन्ध बाबासँग जुटाउँछन्, तर निमित्त बनेर। फेरि यस्तो होइन– सहयोग दिएर आफूमा नै अड्काइदिन्छ। बाबाको देन दिइरहेको छु, यस स्मृति र समर्थीले विशेषतालाई सेवामा लगाउँछन्। सच्चा सेवाधारीको निशानी यही हो। कर कर्ममा ऊद्वारा बाबा देखियोस्। उसको हर बोलीले बाबाको स्मृति दिलाओस्। हर विशेषता दातातर्फ ईशारा गरोस्। सदा बाबा नै देखियोस्। उनीहरूले तिमीलाई नदेखेर सदा बाबालाई देख्नेछन्। मेरा सहयोगी हुन्, यो सच्चा सेवाधारीको निशानी होइन। यो कहिल्यै संकल्प मात्र पनि नसोच– मेरो विशेषताको कारण यी मेरा धेरै सहयोगी छन्। सहयोगीलाई सहयोग दिनु मेरो काम हो। यदि तिमीलाई देखे, बाबालाई देखेनन् भने यो सेवा भएन। यो द्वापरयुगी गुरुहरूले जस्तै बेमुख गरिदियौ। बाबालाई भुलायौ नकि सेवा गर्यौ। यो गिराउनु हो नकि चढाउनु। यो पुण्य होइन, यो पाप हो किनकि बाबा छैन भने अवश्य पाप छ। त्यसैले सच्चा सेवाधारीले सत्यतर्फ नै सम्बन्ध जोड्नेछन्।

बापदादालाई कहिलेकाहीं बच्चाहरू माथि हाँसो लाग्छ– लक्ष्य के छ र लक्षण के छ! पुर्याउनु छ बाबातर्फ तर पुर्याउँछन् आफूतर्फ। जसरी अन्य डिभाइन फादरहरूका लागि भन्छौ नि, उनीहरूले माथिबाट तल ल्याउँछन्। माथि लिएर जाँदैनन्। त्यस्तै डिभाइन फादर नबन। बापदादा यो देखिरहनु भएको छ– कहाँ-कहाँ बच्चाहरू सीधा बाटो नहिंडेर गल्लीहरूमा फँस्न पुग्छन्। मार्ग परिवर्तन हुन्छ त्यसैले चलिरहन्छन् तर गन्तव्यसम्म पुग्दैनन्। त्यसैले बुझ्यौ सच्चा सेवाधारी कसलाई भनिन्छ? यी तीनैं शक्तिहरू वा विशेषताहरूलाई बेहदको दृष्टिले, बेहदको वृत्तिले सेवामा लगाऊ। अच्छा!

सदा दाताका बच्चा दाता बनेर हर आत्मालाई भरपुर गर्ने, हर खजानालाई सेवामा लगाएर हर समय उन्नति गर्ने, सदा बाबाबाट प्राप्त प्रभु देन सम्झेर अरूलाई प्रभु प्रसाद दिने, सदा एकतर्फ ईशारा दिएर एकरस बनाउने, यस्ता सदा र सबैको सच्चा सेवाधारी बच्चाहरूलाई बापदादाको याद-प्यार एवं नमस्ते। रूहानी बच्चाहरूको रूहानी बापदादालाई याद-प्यार, नमस्ते।

**कुमारीहरूसँग अव्यक्त बापदादाको भेटघाट:–** यो लश्करले के गर्नेछ? लश्कर वा सेनाले सदा विजय प्राप्त गर्छन्। सेना विजयको लागि हुन्छ। दुस्मनसँग लड्नको लागि सेना राखिन्छ। त्यसैले माया दुस्मनमाथि विजय पाउनु, यही तिमीहरू सबैको कर्तव्य हो। सदा आफ्नो यस कर्तव्यलाई जानेर छिटो भन्दा छिटो अगाडि बढ्दै जाऊ किनकि समय तीव्र गतिमा अगाडि बढिरहेको छ। समयको गति तीव्र होस् तर आफ्नो गति ढिलो भएमा समयमा पुग्न सक्दैनौ त्यसैले गतिलाई तीव्र गर। जो ढिला हुन्छन् ती स्वयं नै शिकार हुन पुग्छन्। शक्तिशाली सदा विजयी हुन्छन्। त्यसैले तिमीहरू सबै विजयी हौ?

सदा यही लक्ष्य राख– सेवाधारी बनेर सेवामा सदा अगाडि बढ्दै जानु छ किनकि कुमारीहरूको कुनै पनि बन्धन छैन। जति सेवा गर्न चाहन्छौ, गर्न सक्छौ। सदा आफूलाई बाबाको हुँ र बाबाको लागि हुँ– यस्तो सम्झेर अगाडि बढ्दै जाऊ। जो सेवामा निमित्त बन्छन्, उनीहरूलाई खुशी र शक्तिको प्राप्ति स्वत: हुन्छ। सेवाको भाग्य करोडौंमा कोहीलाई मात्र मिल्छ। कुमारीहरू सदा पूज्य आत्माहरू हुन्। आफ्नो पूज्य स्वरूपलाई स्मृतिमा राख्दै हर कर्म गर। हर कर्मलाई पहिला चेक गर– यो कार्य पूज्य आत्माको अनुरूप छ? यदि छैन भने परिवर्तन गरिदेऊ। पूज्य आत्माहरू कहिल्यै साधारण हुँदैनन्, महान् हुन्छन्। १०० ब्राह्मणहरूभन्दा उत्तम कुमारी हौ। त्यसैले १०० ब्राह्मण

एक-एक कुमारीले तयार गर्नु छ। उनीहरूको सेवा गर्नु छ। कुमारीहरूले के कमालको योजना सोचेका छौ? कुनै पनि आत्माको कल्याण होस्– यो भन्दा ठूलो कुरा अरू के हुन सक्छ? आफ्नो मौजमा रहनेवाला हौ नि? कहिले ज्ञानको मौजमा, कहिले यादको मौजमा। कहिले प्रेमको मौजमा। मौज नै मौज छ। संगमयुग हो नै मौजको युग। कुमारीहरूमाथि सदा बापदादाको नजर रहन्छ। कुमारीहरूले स्वयंलाई के बनाउँछन्, यो त उनीहरूको माथि नै छ तर बापदादा त सबैलाई विश्वको मालिक बनाउन आउनु भएको छ। सदा विश्वको मालिकपनको खुशी र नशा रहोस्। सदा अथक सेवामा अगाडि बढ्दै जाऊ। अच्छा!

**वरदानः–** **करनहार र करावनहारको स्मृति द्वारा लाइटको ताजधारी भव**

म निमित्त कर्मयोगी, करनहार हुँ, करावनहार बाबा हुनुहुन्छ– यदि यो स्मृति स्वत: रहन्छ भने सदा लाइटको ताजधारी वा बेफिक्र बादशाह बन्छौ। बाबा र म तेस्रो न कोही– यो अनुभूतिले सहज बेफिक्र बादशाह बनाइदिन्छ। जो यस्तो बादशाह बन्छ, ऊ नै मायाजित, कर्मेन्द्रियजित र प्रकृतिजित बन्छ। तर यदि कुनै गल्तीले पनि, कुनै पनि व्यर्थ भावलाई आफूमाथि बोझ उठाउँछौ भने ताजको बदला फिक्रका अनेक टोकरी शिरमा आउन पुग्छ।

**स्लोगनः–** सर्व बन्धनहरूबाट मुक्त हुनको लागि दैहिक नाताहरूबाट नष्टोमोह बन।

**सूचनाः–** आज अन्तर्राष्ट्रिय योग दिवस हो। साँझ ६:३०-७:३० सम्म सबैजना भाइ-बहिनीहरू संगठित रूपमा एकत्रित भएर योग अभ्यासमा सबै आत्माहरूप्रति शुभ भावना राखौं– सबैको कल्याण होस्, सबै आत्माहरू सत्यको मार्गमा चलेर परमात्म वर्साको अधिकार प्राप्त गरून्। म बाबा समान सर्व आत्माहरूलाई मुक्ति जीवनमुक्तिको वरदान दिने आत्मा हुँ।